नेपाल सरकार
राष्ट्रिय भूमि आयोग
# जिल्ला समिति कैलाली
२०७८

प.सं.२०८०/८१
च.न. १४

मिति:-२०८०।०५।२४

**विषय:- आवश्यक सहयोग सम्वन्धमा ।**

श्री स्थानीय तहहरु (सबै)
जिल्ला कैलाली ।

—उपरोक्त सम्बन्धमा विगत आयोगहरुबाट भई गएका अधुरा, अपुरा कार्यहरुका लागि श्री राष्ट्रिय भूमि आयोग, ताहाचल काठमाडौं बाट मिति २०८०।०५।१७ गतेका दिन गोरखापत्रमा प्रकाशन भएको अनुसूची -२ सम्वन्धी को फारम भर्ने सुचनाको छायाँ कपि यसै पत्रका साथमा संलग्न छ ।सो सूचनालाई आ-आफ्नो स्थानीयका सवै क्षेत्रमा सूचनामुलुक रुपमा जानकारी गराई आवश्यक सहजीकरण गरी गरिदिनु हुन् सादर अनुरोध गरिन्छ । —

२०८०।०५।२

सुदर्शनसिंह धामी
सदस्य सचिव

# राष्ट्रिय भूमि आयोग

ताहाचल, काठमाडौं

फोन नं. ०१-५३१३९३६, ५३१३९३२


## जग्गाको स्वामित्व, दर्ता श्रेस्ता, फिल्डबुक प्रमाणितलगायतका विषयमा निवेदन दिनेसम्बन्धी ३५ (पैंतीस) दिने सूचना !

प्रकाशित मिति : २०८० ०५ १७ गते

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानूनबमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणितलगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

अनुसूची –२
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
राष्ट्रिय भूमि आयोग
.................., जिल्ला समिति

विषयः जग्गाधनी दर्ता प्रमाण पुर्जासम्बन्धी बाँकी काम सम्पन्न गरी पाऊँ ।

श्रीमान् अध्यक्षज्यू,
जिल्ला समिति ..............
......................।

प्रस्तुत विषयमा विगतको ...................... आयोग/कार्यदल/समितिबाट मिति............... मा भएको निर्णयबमोजिम प्राप्त गरेको वा मैले/ ................... ले भोग चलन गरेको जग्गाको देहायबमोजिमको समस्या भएकोले आवश्यक छानबिन गरी बाँकी काम सम्पन्न गरी समस्या समाधान गरिदिन तपसिलबमोजिमको विवरण र प्रमाण कागजात राखी यो निवेदन पेस गरेको छु ।

१. जग्गा प्राप्त गर्ने वा भोग चलन गर्नेको नाम थर :

२. जग्गासम्बन्धी विवरण :

जग्गा रहेको साविकको स्थानः

जग्गा रहेको हालको स्थान :

वडा नं. नक्सा नं : कित्ता नं.: क्षेत्रफलः

३. वितरण गरेका जग्गासँग सम्बन्धित समस्याः

.................................................................................

.................................................................................

.................................................................................

.................................................................................

.................................................................................

४. निवेदन साथ पेस गरेका कागजातहरू:

(क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थानीय तहको वडा कार्यालयको सिफारिस,

(ग) जग्गासम्बन्धी कागज प्रमाणहरू

(घ) आवश्यक परे नाता प्रमाणित

(ङ) अन्य

उपरोक्तअनुसारको विवरण ठिक साँचो हो, झुट्ठा ठहरे प्रचलित कानूनबमोजिम सजाय भोग्न मञ्जुर छु ।

निवेदकको नाम थरः-
दस्तखतः-
नागरिकता प्र.प.नं :-
सम्पर्क नं. :-